# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०४।२३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

सल्यान जिल्ला, साविक कप्रेचौर गा.वि.स. वडा नं. ७ घुइयावारीस्थित श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालयको भवन निर्माणका लागि गठित उपभोक्ता समितिले जिल्ला विकास समितिको कार्यालय, सल्यानबाट र काप्रेचौर गा.वि.स.बाट प्राप्त रकम भवन निर्माण नगरी हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा साविक जिल्ला विकास समितिको कार्यालय, सल्यानका तत्कालीन स्थानीय विकास अधिकारी पेशल कुमार पोखरेल, लेखा अधिकृत राम कुमार पौड्याल, इन्जिनियर गज्जुबाबु श्रेष्ठ, सब-इन्जिनियर दोर्ण प्रसाद रजौरे, असिष्टेन्ट ओभरसियर फलेन्द्र डि. सी., काप्रेचौर गा.वि.स. का सचिव टेक बहादुर डाँगी (क्षेत्री) तथा नेपाल राष्ट्रिय माध्यामिक विद्यालयका प्रधानाध्यापक कृष्ण बहादुर घर्ती, नेपाल राष्ट्रिय माध्यामिक विद्यालयका निमित्त प्रधानाध्यापक खल बहादुर चलाउने क्षेत्री, उपभोक्ता समितिका अध्यक्ष कर्ण बहादुर रावत, उपभोक्ता समितिका सचिव डम्मर बहादुर पुन, उपभोक्ता समितिका कोषाध्यक्ष निमा कुमारी बि.क. लगायतका सम्बन्धमा अनुसन्धान हुँदा साविक जिल्ला विकास समितिको कार्यालय, सल्यानका तत्कालीन स्थानीय विकास अधिकारी पेशल कुमार पोखरेल र लेखा अधिकृत राम कुमार पौड्यालले रु.५,२२,५००।- को झुट्ठा बिल भर्पाई एवं झुट्ठा कागजात पेश गरी भुक्तानी गरेको र साविक काप्रेचौर गा.वि.स. का तत्कालीन सचिव टेक बहादुर डाँगी (क्षेत्री) ले रु.४,००,०००।- को झुट्ठा बिल भर्पाई एवं झुट्ठा कागजात पेश गरी भुक्तानी गरेको हुँदा साविक जिल्ला विकास समितिको कार्यालय, सल्यानका तत्कालीन स्थानीय विकास अधिकारी पेशल कुमार पोखरेल र लेखा अधिकृत राम कुमार पौड्यालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिम कसुर गरेको पुष्टी हुन आएकोले निजहरुलाई जनही रु.४,६४,१६१।२५ को बिगो कायम गरी सोही ऐनको दफा ८ (१) बमोजिम सजाय हुन माग दावी लिइएको ।

इन्जिनियर गज्जुबाबु श्रेष्ठ, सब-इन्जिनियर दोर्ण प्रसाद रजौरे, असिष्टेन्ट ओभरसियर फलेन्द्र डि. सी.ले झुट्ठा बिल भर्पाई एवं झुट्ठा कागजात पेश गरेकोले भ्रष्टाचार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिम कसुर गरेको पुष्टी हुन आएकोले सब-इन्जिनियर दोर्ण प्रसाद रजौरे, असिष्टेन्ट ओभरसियर फलेन्द्र डि. सी.लाई जनही रु.८,४७,०००।- को बिगो कायम गरी सोही ऐनको दफा ८ (१) बमोजिम सजाय हुन माग दावी लिइएको । इन्जिनियर गज्जुबाबु श्रेष्ठको निधन भइसकेकोले निजको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम बिगो असुल हुन माग दावी लिएको ।

काप्रेचौर गा.वि.स. का सचिव टेक बहादुर डाँगी (क्षेत्री), नेपाल राष्ट्रिय माध्यामिक विद्यालयका प्रधानाध्यापक कृष्ण बहादुर घर्ती, नेपाल राष्ट्रिय माध्यामिक विद्यालयका निमित्त प्रधानाध्यापक खल बहादुर चलाउने क्षेत्रीले झुट्ठा बिल भर्पाई एवं झुट्ठा कागजात पेश गरेकोले भ्रष्टाचार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिम कसुर गरेको पुष्टी हुन आएकोले निजहरुलाई जनही रु.३,५५,३३८।७५को बिगो कायम गरी सोही ऐनको दफा ८ (१) बमोजिम सजाय हुन माग दावी लिइएको ।

उपभोक्ता समितिका अध्यक्ष कर्ण बहादुर रावत, उपभोक्ता समितिका सचिव डम्मर बहादुर पुन, उपभोक्ता समितिका कोषाध्यक्ष निमा कुमारी बि.क. ले झुट्ठा बिल भर्पाई एवं झुट्ठा कागजात पेश गरीभ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेको पुष्टी हुन आएकोले निजहरुलाई जनही रु.८,४७,०००।- को बिगो कायम गरी सोही ऐनको दफा ८ (४) बमोजिम सजाय हुन माग दावी लिई उपरोक्त ११ जना प्रतिवादीहरुलाई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता